नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

मितिः- २०८०/०१/११

चलानी नं.:- ४५६

श्री जिल्ला समन्वय समिति,
ओखलढुङ्गा, सप्तरी, धनुषा, सर्लाही, बारा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, मनाङ, मुस्ताङ, रुपन्देही, गुल्मी, बैतडी र कञ्चनपुर।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ११४४ मिति २०८०/०१/१० को गुनासो सुनुवाई कार्यक्रम सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

०१/११

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रसासन, सहकारी तथा गरिबी निवारण महाशाखा)
### गरिब पहिचान तथा मापदण्ड शाखा


पत्र संख्या ०७९/८०
च.नं. : ११८४

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति २०८०।१।१०

**विषय : गुनासो सुनुवाई कार्यक्रम सम्वन्धमा।**

श्री जिल्ला समन्वय समितिहरु (उल्लेखित १५ जिल्लाका) ।
ओखलढुङ्गा, ससरी, धनुषा, सर्लाही, बारा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, मनाङ, मुस्ताङ, रूपन्देहि, गुल्मी, बैतडी, कञ्चनपुर

उपरोक्त विषयमा यस भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट संचालन गरिएको गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम अन्तर्गत उल्लेखित १५ वटा जिल्लाहरुका स्थानीय तहवाट प्राप्त तथ्यांक विश्लेषण गरी गरिब परिवारको रुपमा सूचीकृत भएका गरिब परिवारको प्रारम्भिक सूची (PDF File) तथा सम्पुर्ण परिवारको विस्तृत विवरण सूची (Excel File) सवै स्थानीय तहहरुमा पठाइ गरिब परिवारको सूची (PDF File) सार्वजनिक गर्नको लागि मन्त्रालयवाट मिति २०७९/१०/२४ च.नं. ७४८ को पत्रवाट अनुरोध गरिएको र सवै जिल्लाहरुमा गुनासो सुनुवाइ अधिकारीहरुको अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न भै सकेको छ।

उल्लेखित जिल्लाका सवै स्थानीय तहहरुले गरिब परिवारको प्रारम्भिक तथ्यांक सार्वजनिक गरेको जानकारी मन्त्रालयमा प्राप्त नभएको हुँदा जिल्ला समन्वय समितिवाट तहाँ जिल्ला भित्रका स्थानीय तहहरुसँग निम्न विवरणहरु माग गरी यस मन्त्रालयलाइ उपलव्ध गराइदिनु हुन मन्त्रालयको मिति २०८०।१।१० को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. मन्त्रालयवाट पठाइएको गरिब परिवारको प्रारम्भिक सूची (PDF File) तथा सम्पुर्ण परिवारको विस्तृत विवरण सूची (Excel File) र मिति २०७९/१०/२४ च.नं. ७४८ को पत्र सवै स्थानीय तहमा प्राप्त भए / नभएको ।
२. गरिब परिवारको सूची (PDF File) गुनासो सुनुवाइ कार्यक्रमको लागि सार्वजनिक भए/नभएको।
३. सार्वजनिक भएको भए कुन मितिमा भएको र नभएको भए के कारणले नभएको हो, सो को जानकारी ।

साथै गरिव परिवारको प्रारम्भिक सूची सार्वजनिक पश्चात प्राप्त हुने गुनासोहरुलाइ सम्वोधन गर्न गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ वमोजिमको गुनासो सुनुवाइ कार्य सम्पन्न गरी प्रत्येक स्थानीय तहवाट आवश्यक कागजातहरु यही २०८० वैशाख मसान्तभित्र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाइदिनु हुन समेत आदेशानुसार अनुरोध छ।

(झविन्द्र प्रसाद पाण्डेय)
उपसचिव (तथ्याङ्क)